मधेशी आयोग

ज्वागल, ललितपुर

पत्र संख्याः २०८३/८४
चलानी नं. :

फोन नंः ०१-५२६९१८५
टोल फ्रि नंः १६६००११६१८५
मितिः २०८३।५।१३

प्रेस विज्ञप्ति

विषयः बाढी विपद्मा बेपत्ता नागरिकको खोजी, उद्धार तथा राहत सम्बन्धमा।

मिति २०८३।०५।१० गते रसुवा, नुवाकोट, धादिङ्ग, गोरखा र चितवन जिल्ला भई वग्ने त्रिशूली नदी लगायतका खोलाहरूमा आएको भीषण बाढी र कटानका कारण ठूलो संख्यामा मानवीय तथा भौतिक क्षति भएको अत्यन्त दुःखद घटनाप्रति मधेशी आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। यस विनाशकारी प्राकृतिक विपद्का कारण नागरिकहरूको ज्यान गएको, धेरै बेपत्ता भएका र प्रभावित क्षेत्रहरूमा निर्माण कार्य, श्रम तथा व्यापार-व्यवसायका सिलसिलामा पुगेका नागरिकहरू हालसम्म निरन्तर सम्पर्कविहीन रहेको तथ्यले आयोगलाई अत्यन्तै स्तब्ध र चिन्तित वनाएको छ।

यस विषम र चुनौतीपूर्ण परिस्थितिमा मधेशी आयोग नेपाल सरकार, गृह मन्त्रालय, सुरक्षा निकायहरू (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल), स्थानीय प्रशासन तथा सम्बद्ध प्रदेश सरकारहरूलाई खोज तथा उद्धार कार्यलाई तीव्र र प्रभावकारी बनाउन जोडदार अपिल गर्दछ। बाढीग्रस्त र दुर्गम क्षेत्रमा अलपत्र परेका तथा सम्पर्कविहीन रहेका श्रमजीवी नागरिकहरूसहित सबै प्रभावितहरूको जीवन रक्षाका लागि हवाई एवम् स्थलमार्गवाट उद्धार टोलीहरू पूर्ण क्षमताका साथ परिचालन गर्न अत्यावश्यक देखिन्छ। यसका साथै बेपत्ता नागरिकका चिन्तित आफन्तजनलाई अद्यावधिक सूचना सहज रूपमा उपलब्ध गराउन आयोग आग्रह गर्दछ।

विपद्को यस घडीमा प्रभावित, घाइते तथा विस्थापित नागरिकका लागि तत्काल निःशुल्क प्रभावकारी स्वास्थ्य उपचार, सुरक्षित अस्थायी वासस्थान, खाद्यान्न तथा सफा खानेपानी जस्ता आधारभूत राहत सामग्रीको प्रबन्ध मिलाउनु राज्यको प्राथमिकता हुनुपर्दछ। बाढीका कारण आफ्नो सर्वस्व गुमाएका र ज्यान गुमाएका नागरिकका परिवारलाई उचित राहत एवम् क्षतिपूर्तिको व्यवस्था गर्दै दीर्घकालीन पुनर्निर्माण र पुनर्वासको योजना तदारुकताका साथ अगाडि बढाउन समेत आयोग माग गर्दछ। आयोग यस दुःखद दुर्घटनामा परी ज्यान गुमाउनेहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा गम्भीर समवेदना व्यक्त गर्दछ र बेपत्ता नागरिकहरूको शीघ्र सकुशल उद्धारको कामना गर्दछ।

(जरेश राज खरेल)
सचिव

Email: madheshicommission@gmail.com
Website: www.madheshicommission.gov.np
आयोगको हेल्पलाईन नं. ११४८